नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७८/०५/०२**

सिद्धान्त क्याम्पस गैडाकोट नवलपरासी (सुस्तापूर्व) मा विएस्सी फरेष्ट्री (B.Sc.Forestry) विषयको छात्रवृत्तिमा मनोनयन भएका उम्मेदवारहरूको संसोधित सूची प्रकाशन गरिएकोसम्वन्धी अत्यन्त जरुरी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८।०४।२८ गतेको निर्णयअनुसार कृषि तथा पशुविज्ञान विश्वविद्यालय रामपुर अन्तर्गतको सिद्धान्त क्याम्पस, गैंडाकोट सुस्तापूर्वमा शैक्षिक बर्ष २०७७/०७८ सालका लागि स्नातक तहको BSc Forestry विषयक छात्रवृत्तिमा पूर्वप्रकाशित योग्यताक्रमसूचीका आधारमा ५ जना विद्यार्थी मनोनयन गरिएकोमा महिलातर्फ मनोनित उम्मेदवार द नं २० की विपिशा शर्माले अध्ययनका लागि असमर्थ भएको भनी निवेदन पठाएकाले निजको निवेदन स्वीकृत गरी सोही समूहमा निकटतम वैकल्पिक उम्मेदवारको रूपमा रहेकी द. नं २८ की उम्मेदवार सिर्जना पौडेललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २०७८ साल भाद्र २ गतेको निर्णयअनुसार मनोनयन गरी देहायअनुसारको संसोधित एवम् समायोजित मनोनयन सूची प्रकाशन गरिएको छ । मनोनयन भएका उम्मेदवारहरूले यसअघि नपठाएको भए यसै सूचनासाथ संलग्न कबुलियतनामा भरी २०७८ साल भाद्र ३ गतेभित्र त्यसको स्क्यानप्रति applyscholarship@moest.gov.np मार्फत पठाउनु हुन अनुरोध छ ।आफूसँग रहने कबुलियतनामाको सक्कलप्रति सम्बन्धित उम्मेदवार यस मन्त्रालयको छात्रवृत्ति शाखामा अनुकूल समयमा प्रमाणपत्र लिन आउँदा साथै लिएर आउनु पर्ने छ ।

मनोनयन गरिएका उम्मेदवारहरूको परिवर्तित एवम् समायोजित सूची

| SN | MoE RN | Name of the Candidates | Gender | Obtained Score | AFU Rank | MOEST Rank | Nomination Group |
|---|---|---|---|---|---|---|---|
| 1 | 8 | Sarina Aryal | F | 73 | 356 | 4 | G-1 |
| 2 | 1 | Abhishek Sapkota | M | 72 | 385 | 7 | G-2 |
| 3 | 7 | Kusum Gautam | F | 72 | 394 | 8 | G-3 |
| 4 | 28 | Sirjana Paudel | F | 70 | 440 | 13 | Female-1 |
| 5 | 18 | Rajan Chaudhary | M | 73 | 367 | 5 | Janajati-1 |

पुनश्चः मनोनयन भएका उम्मेदवारहरूले यस मन्त्रालयबाट सम्बन्धित कलेजमा पत्राचार भएपछि सम्पर्क राख्नु पर्ने छ ।

अनुसुची १

*(छात्रवृत्ति सम्बन्धी नियमावलीको नियम २१ को उपनियम (१) सँग सम्बन्धित)*

## कबुलियतनामा

श्री.......................................को नाति/नातिनी श्री ...................................... .को छोरा/छोरी जिल्ला........................गाउँपालिका/न.पा/महान.पा............................................ वडा नं.......मा स्थायी बसोबास भएको मिति.................................मा जन्मेको म .......................................नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्नातक तहको **BSc Forestry** विषयमा अध्ययनका लागि श्री ......................................................................कलेज/संस्था/देशमा निशुल्क/आँशिक/सशुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालिम पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ तथा छात्रवृत्ति सम्बन्धी नियमावली बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा, विदेशमा छात्रवृत्ति पाई अध्ययन/तालिममा जाँदा नेपाल सरकार वा विदेशी सरकार वा कुनै संस्थाबाट प्रदान गरिएको रकम र अध्ययन/तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्चवापतको रकमसमेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो वमोजिम कबुलियतनामा गरी छात्रवृत्ति शाखा मार्फत  नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा  बुझाएँ ।

छात्रवृत्तिमा मनोनयन भएको उम्मेदवारको

| दायाँ | बायाँ |
|---|---|
| | |

छात्रवृत्ति पाउनेको,-

सही :-

नाम :-

सर्म्पक ठेगाना :-

टेलिफोन नम्बर:

मिति :-

ना.प्र.प.नं. :-

नागरिकता जारी जिल्ला :

नोट:

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।